# आवधिक रोजगारीमा भारत लगायत अन्य मुलुक जाने व्यक्ति लक्षीत कार्यक्रम र बिमा सञ्चालन कार्यविधि, २०७८

पाटन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाटन, बैतडी
सुदूरपश्चिम प्रदेश,नेपाल
२०७१

## नगर कार्यपालिको बैठकबाट पारित मिति
## २०७८/११/२७ गते

## पाटन नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## पाटन, बैतडी

Scanned with CamScanner

**पाटन नगरपालिकाको आवधिक रोजगारीमा भारत लगायत अन्य मुलुक जाने ब्यक्ति लक्षीत कार्यक्रम र बिमा सञ्चालन कार्यविधि, २०७८**

प्रस्तावना

संघिय शासन पद्दतिको अभ्यासलाई आम नागरिकको जिवनमा मुर्त रुपान्तरण खातिर प्रयोग गर्ने क्रममा स्थानीय सरकारले प्रत्यक्ष जनसरोकारका सवाल केन्द्रित नतिजामुखी प्रभाव पार्न पुष्टि गने कार्यक्रम हरु सञ्चालन गर्नु आवश्यक हुन जान्छ । संविधान र स्थानिय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानिय तहलाई सबल र सक्षम तुल्याएको छ । ऐनले नगर भित्रको रोजगारीको अवस्था, प्रतिब्यक्ति आय र मानव बिकास तथा लैङ्गीक सशक्तीकरण समेतको तथ्याङ्क, सङ्कलन र प्रशोधन गर्ने, रोजगार तथा बेरोजगार श्रमशक्तिको तथ्याङ्क सङ्कलन, बैदेशिक रोजगारीमा जाने श्रमशक्तिको लागी सीपमुलक तालीमको सञ्चालन, बैदेशिक रोजगारीबाट प्राप्त ज्ञान, सीप र उद्यमशीलताको उपयोग गर्दै लक्षीत समुह सम्बन्धि योजना कार्यक्रम, श्रोत परिचालन र व्यवस्था गर्न बजेट तथा कार्यक्रमको प्राथमिकीकरणमा ध्यान दिनु पर्ने कुरामा जोड दिएको पाईन्छ । देश भित्र पर्याप्त रोजगारीका अवसरहरु उपलव्ध हुन नसकेको वर्तमान परिप्रेक्षमा कृषिमा निर्भर बहुकसंख्यक गरिव ब्यक्ति कृषि कार्यबाट फुर्सद पाएको समयमा नजिकको मुलुक भारतमा जाने प्रवृत्तिमा नियन्त्रण हुन सकेको छैन । बैदेशिक रोजगारी नेपालका सकृय जनशक्तिको वैकल्पिक रोजगार र आयआर्जनको एक मूख्य माध्यम बनेको तथ्य जगजाहेर छ । सेवाग्राहीको न्युन पहुँच, अपर्याप्त सूचना, ठगी र अनियमितताको प्रवल सम्भावना ब्याप्त सन्दर्भमा पाटन नगरपालिकाबाट पनि आबधिक रुपमा भारत लगायत अन्य मुलुकहरुमा रोजगारीको लागी जाने ब्यक्तिहरु कामको शिलसिलामा जोखिममा परि शारिरीक तथा मानसिक अपाङ्गताका साथै ज्यान गुमाउने गरेको तथ्य पनि सार्वजनिक हुने गरेको छ । यसको प्रत्यक्ष प्रतिकुल असर अपाङ्गताको जिबन बाँच्न बाध्य ब्यक्तिमा मात्र सिमित नरही निजमा आश्रीत परिवारका सदस्यलाई पनि परेको छ। यी ब्यक्तिको विश्वसनीय तथ्याङ्क संकलन गरी निजहरुका परिवार लक्षीत योजना तर्जुमा र बजेट विनियोजन हुन सके नगरपालिकाको कुल गार्हस्थ्य उत्पादनमा बृद्धि हुन गई लक्षीत बर्ग बैदेशिक रोजगारीमा जानबाट रोकिई स्थानिय स्तरमै काम गरी आय आर्जन बृद्धि मार्फत गुणस्तरीय जीवन जिउन समेत सफल हुन सक्छन । रोजगारिमा जानै पर्दा समेत रोजगारीमा जानु पुर्व बिमा लगायत उपयुक्त सुरक्षाको प्रबन्ध हुन सकेको खण्डमा केहि हदसम्म भएपनि प्रभावितको पिडालाई न्युन गर्न सकिन्छ । यसरी नगरभित्रका आबधिक रोजगारीका लागी भारतमा जाने ब्यक्ति लक्षित कार्यक्रम र निजहरुको दुर्धटना विमा समेतलाई ब्यवस्थित, नियन्त्रीत र नियमित गर्नका लागी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद १५ को दफा १०२ बमोजिम "पाटन नगरपालिकाको आवधिक रोजगारीमा भारत लगायत अन्य मुलुक जाने ब्यक्ति लक्षीत कार्यक्रम र बिमा सञ्चालन कार्यविधि, २०७८ तर्जुमा गरि लागु गरिएको छ ।

Scanned with CamScanner

पाटन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाटन, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७१

## परिच्छेद-१

### उद्देश्य, संक्षिप्त नाम र परिभाषा

१.उद्देश्य :- यस कार्यविधिका उद्देश्य देहाय बमोजिम रहेका छन ।

क) पाटन नगरपालिका भित्र स्थायी रुपमा बसोबास गर्ने मुख्यतया आवधिक रोजगारीमा भारत जाने साथै अन्य मूलुकमा रोजगारीमा जाने ब्यक्तिहरु लक्षीत योजनाको प्राथमिकीकरणको आधारमा बजेट बिनियोजन गरी स्थानिय स्तरमै रोजगारी सृजना गर्ने गराउने कार्यक्रम सञ्चालन गर्न मार्गनिर्देशन गर्नु ।

ख) रोजगारीका लागी भारतमा जाने ब्यक्तिहरुको सम्भावित जोखिममा पर्न सक्ने ब्यक्ति तथा निजमा आश्रितहरुको भावी जीवनलाई मध्यनजर गर्दै दुर्घटना बिमालाई ब्यबस्थित तथा नियमन गर्ने प्रक्रियालाई मार्गदर्शन गर्नु ।

२. संक्षिप्त नाम र प्रारम्भ

२.१ यस कार्यविधिको नाम "पाटन नगरपालिकाको आवधिक रोजगारीमा भारत लगायत अन्य मुलुक जाने ब्यक्ति लक्षीत कार्यक्रम र बिमा सञ्चालन कार्यविधि, २०७८" रहेको छ ।

२.२ यो कार्यविधि नगरपालिकाको वैठकबाट स्वीकृत भएको मितिवाट लागु हुनेछ ।

२.३ परिभाषा

क) "ऐन" "भन्नाले बिमा ऐन, २०४९ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ समेतलाई सम्झनु पर्नेछ

ख) "नियमाबली" "भन्नाले बिमा नियमावली २०४९ लाई सम्झनु पर्नेछ ।

ग) "दुर्घटना बिमा व्यवसाय" कुनै ब्यक्तिको जीवन सम्बन्धमा निजको आयुको आधारमा किस्तावन्दीमा बुझाउने गरी कुनै खास रकम तिरेमा निजले वा निजलाई शारीरिक तथा मानसिक क्षति पुग्न गएमा वा निजको मृत्यु भएको अवस्थामा निजको हकवालाले कुनै खास रकम पाउन गरी गरिने करार सम्बन्धि व्यवसाय सम्झनु पर्नेछ ।

घ) "दुर्घटना" भन्नाले बाहिरी, आँखाले स्पष्ट देख्न सकिने, सांघातिक, आकस्मिक र अप्रत्यासित घटनालाई सम्झनु पर्नेछ।

ङ) "बिमक" भन्नाले ऐनको दफा ६ बमोजिम दर्ता भएको संगठित संस्था सम्झनु पर्छ र सो शब्दले पुनर्बिमकलाई समेत जनाउनेछ ।

च) "बिमा व्यवसाय " भन्नाले दुर्घटना बिमा व्यवसाय समेतलाई सम्झनु पर्नेछ ।

छ) "बीमित" भन्नाले बिमा गराउने ब्यक्ति सम्झनु पर्नेछ ।



Scanned with CamScanner

ज) "बिमा रकम " भन्नाले बिमा लेख चालु रहेको अवस्थामा बिमाको शर्त बमोजिम बिमित वा निजको हकदारले प्राप्त गर्ने रकम सम्झनु पर्नेछ ।

झ)"बिमा लेख" भन्नाले बिमाको करारनामा सम्बन्धी अधिकार तथा दायित्व उल्लेख भएको लिखत सम्झनु पर्नेछ ।

ञ)"कोष" भन्नाले नगरपालिका भित्रका आवधिक रोजगारको सिलसिलामा भारत जाने व्यक्तिहरुका लागी जीवन बीमा तथा दुर्घटना बीमाको लागी स्थापित कोष वा सो प्रयोजनका लागी बिनियोजित रकम समेतलाई सम्झनु पर्नेछ ।

ट) "लक्षित समूह" भन्नाले आर्थिक रुपमा विपन्न वर्ग एवम नेपाल सरकारले विभिन्न समयमा लक्षीत समूह भनी तोकेको वर्ग एवम समुदायलाई बुझाउनेछ । साथै यसले रोजागारीको सिलसिलामा भारत जाने व्यक्ति र निजमा आश्रीत समेतलाई बुझाउने छ ।

ठ) "बजेट" भन्नाले नगर सभाले पारित गर्ने बजेटलाई बुझाउने छ। सो शब्दले लक्षीत बर्गका लागी विनियोजीत रकमलाई समेत जनाउनेछ ।

ड) "भेला" भन्नाले नगरपालिका द्वारा योजना तर्जुमा गर्न तथा निश्चित विषयमा छलफल गरि निर्णय लिन बोलाईएको गाउ, टोल तथा बस्ती तहको भेलालाई सम्झनु पर्नेछ ।

ढ) "नीति तथा कार्यक्रम" भन्नाले नगरको समग्र विकाशका लागी सहभागीतात्मक तवरबाट तय गरी पारित गरिएको नीति तथा कार्यक्रमलाई बुझाउने छ । सो पदाबलीले छलफलको क्रममा रहेको मस्यौदा समेतलाई बुझाउने छ ।

## परिच्छेद-२

३. लक्षीत बर्गका लागी सञ्चालन गरिने कार्यक्रमः- स्थानिय सरकार सञ्चालन ऐनले सुनिश्चित गरेका प्राबधानको मातहतमा रही यस नगरपालिका भित्र कामको सिलसिलामा मुख्यतया आवधिक रुपमा रोजगारीका लागि भारतमा जाने व्यक्तिका साथै न्यून आय स्तर भएका अन्य मुलुकमा जाने ब्यक्ति तथा निजमा आश्रित ब्यक्ति लक्षीत देहाय बमोजिमका कार्यक्रमहरु सञ्चालन गरिने छन ।

क) नगरपालिकाले आफ्नो बार्षिक नीति तथा कार्यक्रमहरुमध्ये पुजिगत खर्चबाट कम्तीमा पनि ८ (आठ) प्रतिशत रकम भारतमा आबधिक रुपमा काम गर्न जाने नेपाली कामदारहरुको जीविकोपार्जनको क्षेत्रमा बिनियोजन गर्नेछ ।

ख) नगरपालिकको बार्षिक बजेट तथा कार्यक्रमहरुमा मुख्यतया भारतमा आबधिक रुपमा काम गर्न जाने नेपाली कामदारहरुका लागी ब्यावसायिक मौसमी तथा बेमौसमी तरकारी खेती, पशुपालन, परम्परागत पेशागत अभ्यासलाई स्थानीय स्तरको सम्भाव्यता र बजारको अध्ययन गरी सम्भव र उपयुक्त ब्यबसाय गर्न



Scanned with CamScanner

सम्वद्ध व्यक्तिलाई आबश्यक सिप बिकासको अवसर तथा ब्यबसाय गर्नका लागी आबश्यक सामग्री र बजेटको प्रबन्ध गर्नेछ ।

ग) नगरपालिकाले वार्षिक रुपमा गर्ने सहभागीतामुलक योजना तर्जुमा कार्यक्रम अन्तर्गत बस्ती टोल भेला र वडा भेलाबाट भारतमा जाने आबधिक रुपमा काम गर्ने नेपली कामदारहरुका माग तथा योजना संकलन गर्ने र त्यसको लागी आवश्यक बजेट बिनियोजन गर्नेछ ।

घ) बैदेशिक रोजगारीबाट फर्केका ब्यक्तिसँगको छलफल र अन्तरक्रीयाबाट बैदेशिक रोजगारीबाट प्राप्त ज्ञान, सीप र उद्यमशीलताको उपयोग गर्न स्थानीय स्तरमै तत् विषयमा ब्यबसाय सञ्चालन गर्न उत्प्रेरणा दिने निति लिने तथा कार्यक्रमहर बनाई लागु गर्न सक्नेछ ।

ङ) भारतमा रोजगारीको लागी जाने नेपाली कामदारहरुको तथ्याङ्क सङ्कलन गर्नुका साथै रोजगार तथा बेरोजगार श्रमशक्तिको तथ्याङ्क सङ्कलन गर्नेछ ।

च) जनसहभागीतामा आधारित गरिवी निवारणका लागी लक्षीत बर्गको प्राथमिकीकरणलाई आत्मसात गर्दै योजना तर्जुमा र बजेट विनियोजन गर्न सम्बद्ध क्षेत्रका बिज्ञहरुको परामर्श सेवा लिने ।

छ) स्थानीय राजस्व परामर्श समिति, शैक्षिक संस्था, उद्योग बाणिज्य संघ, स्रोत अनुगमन तथा वजेट सीमा निर्धारण समिति समेतको प्रतिनीधित्व हुने गरी प्रत्येक आर्थिक बर्षमा कम्तिमा दुई पटक अन्तक्रिया गरी प्राप्त उपयुक्त सुझावलाई लक्षीत बर्गका लागी तय गरिने नीति तथा कार्यक्रमको योजनामा समावेश गर्ने ।

ज) नगरपालिकाले लक्षीत बर्गको सचेतना अभिवृद्धि गरी आत्म निर्भर तुल्याउन प्रत्येक वडामा अन्तरक्रिया, सडक नाटक, सार्वजनिक स्थानमा Hoarding Board तथा सन्देशमुलक वोर्ड राख्ने, एफ.एम रेडियोबाट सन्देशमुलक रेडियो जिङ्गल तथा सुचनाहरु प्रशारण गर्ने ।

झ) भारतमा आवधिक रुपमा काम गर्ने ब्यक्ति तथा परिवारजनलाई जयवायु अनुकुल कृषि प्रणाली सम्वन्धि आवश्यक ज्ञान सीप प्रदान गर्नका साथै जलवायू मैत्री कृषि तथा व्यवसाय गर्न आवश्यक औजार प्रदान गर्नेछ ।

## परिच्छेद-३

४. भारतमा आवधिक रुपमा रोजगारीका लागी जाने लक्षीत बर्गको बिमा लाभग्राही छनोट प्रकृया :- नगरपालिकाले प्रत्येक वार्ड कार्यालयबाट आवधिक रुपमा भारतमा रोजगारमा जाने ब्यक्तिहरुको घरधुरी सर्वेक्षण गरी तथ्याङ्क संकलन एवम सोको अद्यावधिक गर्न लगाई सोको वास्तबिक र पूर्ण अभिलेख नगरपालिकामा खडा गर्नेछ ।

५. कोष खडा गर्ने :- नगरपालिकाले जिवन बिमा र दुर्घटना बिमा तथा उनीहरु लक्षीत कार्य गर्न एक कोष स्थापना गर्न वा सो प्रयोजनका लागी बजेट बिनियोजन गर्न सक्नेछ । उक्त कार्यको लागी आवश्यक रकमको श्रोत एवम व्ययभार नगरपालिकाको आन्तरिक आम्दानीमा निहित रहनेछ । तर यस प्राबधानले दातृ निकाय सँगको सम्झौता बमोजिम कोषको बृद्धि गर्न वाधा पुर्याएको मानिने छैन ।

६. बीमा गरिने :- नगरपालिका आवधिक रुपमा भारतमा रोजगारमा जाने लक्षित समुहका ब्यक्तिको बिमा गर्नका लागी नगरपालिकाले छनौट गरेको बिमा कम्पनीसँग नगरपालिकाले सोझै सम्झौता गर्न सक्नेछ साथै छनौट प्रक्रिया प्रचलित कानून बमोजम गरिनेछ ।

७. नगरपालिका भित्रका भारतमा आवधिक रोजगारमा जाने तथा लक्षित समुहका ब्यक्तिका लागी नगरपालिकाले छनौट गरेका जिल्लामा कार्यरत बिमा कम्पनीसँग पाँच देखि सात लाख सम्मको साबधिक जीवन तथा दुर्घटना बीमा गराउन सक्नेछ ।

८. नगरपालिका भित्रका आवधिक रुपमा भारतमा रोजगारमा जाने तथा लक्षित समुहका ब्यक्तिले निर्दिष्ट कार्य गर्दाको बखत हुन सक्ने दुर्घटनाबाट हुने क्षति बापत नगरपालिकाले छनौट गरेका कम्पनीबाट कम्पनीको नियमानुसार बीमितले सुविधा प्राप्त गर्ने गरी बीमा लेख तयार गर्ने व्यवस्था मिलाइनेछ ।

क) दुर्घटनाको कारण मृत्यु भएमा, बिमित ब्यक्ति स्थायी तवरले पूर्ण वा आँशिक अशक्त भएमा, बिमित ब्यक्ति अस्थायी तवरले पूर्ण अशक्त भएमा, बिमित ब्यक्ति अस्थायी तवरले पूर्ण अशक्त भएमा, बिमित ब्यक्ति दुर्घटनामा परी हिडडुल गर्न नसक्ने भई उपचार गर्नु पर्ने भएमा निजको औषधोपचारको बील बमोजिमको लाग्ने खर्च बिमकले बिमा कम्पनीबाट बिमा कम्पनीको नियम अनुसार प्राप्त गर्नेछन । यस कार्यका लागि बिमित र बिमितका आफन्तले सम्बन्धित कम्पनीमा गएर दावी गर्नुपर्नेछ ।

९. बिमा शुल्क वा बिमितको योगदान :- यस कार्यविधि बमोजिम बिमा कार्यक्रममा सहभागी बिमितका लागी लाग्ने बार्षिक बिमा शुल्क मध्ये पहिलो बर्ष ५० (पचास) प्रतिशत शुल्क नगरपालिकाले र ५० (पचास प्रतिशत बिमित स्वयमले तिर्नु पर्नेछ । तर, दोश्रो पटक देखि लाग्ने बार्षिक बिमा शुल्कको ४० (चालिस) प्रतिशत शुल्क नगरपालिकाले र ६० (साठी) प्रतिशत बिमित स्वयमले तिर्नु पर्ने, तेश्रो २० (बीस) प्रतिशत शुल्क नगरपालिकाले र ८० (असी) प्रतिशत बिमित स्वयमल  र चौथो बर्ष नगरपालिकाले १० (दस) प्रतिशत र बिमितले ९०(नब्बे) प्रतिशत तिर्नु पर्नेछ भने पाँचौ बर्षदेखि सम्वद्ध बिमितले लाग्ने पुरै बिमा शुल्क स्वयम तीर्नु पर्ने व्यवस्था मिलाईने छ ।
१०. आवधिक भारतमा रोजगारमा जाने ब्यक्तिका लागी बिमा अनिवार्य गर्नका लागी वडा स्तरबाट गरिने अनुगमनका विषयमा बिमालाई पनि समाहित गरिने छ।

## परिच्छेद-४

११. कोषको सञ्चालन :- यस कार्यविधिको बुदा नं. ५ बमोजिम स्थापित कोषको सञ्चालन नगरपालिकाले देहाय बमोजिमको समिति गठन गरी गर्नेछ।

क) कोष सञ्चालन समिति :-

| | |
|---|---|
| अ) नगर प्रमुख | अध्यक्ष |
| आ)आर्थिक विकास समिति संयोजक | सदस्य |
| इ) सामाजिक विकास समिति संयोजक | सदस्य |
| ई)कार्यपालिकाका सदस्य मध्येबाट कम्तिमा एक/एक जना महिला र दलितको प्रतिनीधित्व हुने गरी कार्यपालिकाले तोकेका तीन जना | सदस्य |
| उ) प्रमुख प्रशासकीय अधिकृत | सदस्य-सचिव |

ख) कोषको खाता सञ्चालन :-

यस कार्यविधिको बुदा नं. ११ बमोजिम स्थापित कोषको खाता प्रमुख प्रशासकिय अधिकृत र आर्थिक प्रशासन शाखा प्रमुखको दस्तखतबाट सञ्चालन गरिनेछ ।

१२. समितिको काम, कर्तव्य र अधिकार :- यस कार्यविधिको बुदा नं. १०(क) बमोजिम गठित समितको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) कोषको सञ्चालन तथा व्यवस्थापन गर्ने

ख) तोकिएको सावधिक तथा दुर्घटना बिमा सम्बन्धि बिमक र बिमा कम्पनी सँग समन्वय गरी सम्झौता गर्ने गराउने ।

ग) सावधिक जीवन तथा दुर्घटना बिमा कार्यक्रममा सहभागी हुनसक्ने ब्यक्तिको तथ्याङ्क वडा स्तरबाटै संकलन गर्न लगाई सोको अभिलेख तयार पार्ने

घ) प्राप्त अभिलेखको आधारमा आवधिक रोजगारमा जाने तथा लक्षित बर्गलाई सावधिक जीवन तथा दुर्घटना बिमा कार्यक्रममा सहभागी गराउने

ङ) सावधिक तथा दुर्घटना बिमा सम्बन्धि भएका घटनाहरु बिमा लेखमा भए बमोजिम बिमा रकम प्राप्तिका लागी सिफारिस गर्ने ।

च) कोषको लेखा तयार गर्ने



Scanned with CamScanner

छ) सावधिक जीवन तथा दुर्घटना बिमा कार्यक्रम अन्तर्गत बिमितहरुको शुल्कको नियमित भुक्तानीको व्यवस्था मिलाउने

ज) नगरपालिकाले आवधिक रुपमा भारतमा काम गर्ने आप्रवासी कामददारलाई भारतमा जानु पूर्व अनिवार्य रुपमा बिमाा गर्नु पर्दछ भन्ने तथ्यको सचेतन फैलाउन प्रत्येक वडामा अन्तरक्रीया, सडक नाटक, सार्वजनिक स्थानमा Hoarding Board तथा सन्देशमुलक वोर्ड राख्ने, एफ.एम रेडियोबाट सन्देशमुलक रेडियो जिङ्गल तथा सुचनाहरु प्रशारण गर्ने ।

झ) बिमा व्यवसाय सँग सम्बन्धित अन्य आवश्यक कार्य गर्ने गराउने ।

१३. अन्य प्रकृया निर्धारण गर्ने :- समितिले आवधिक रोजगारमा जाने तथा लक्षित बर्गलाई सावधिक जीवन तथा दुर्घटना बिमाका सम्वन्धमा यस कार्यविधिमा उल्लेख नभएको विषयमा प्रचलित नेपाल कानुन तथा नगरपालिकाको कानुन, निर्देशिका बमोजिम आवश्यकतानुसार थप प्रकृया निर्धारण गर्न सक्नेछ ।



Scanned with CamScanner